जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ | अंक ३३ | २०८२ साल भदौ १० गते मंगलबार (26 Aug 2025 Tuesday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सङ्घीय राजधानी बाहिर... ३ पृष्ठमा : सेनाले सम्पन्न गऱ्यो साढे.. ३ पृष्ठमा : बङ्गलादेशद्वारा पाकिस्तानलाई...

## जेठानीको कुटाईबाट देवरानीको पाँच महिने गर्भ तुहियो



**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

सप्तरीको खडक नगरपालिका वडा नं. ७ स्थित कल्याणपुरमा बाटोमा इँटा राख्ने विवादमा झगडापछी कुटपिट हुँदा जेठानीको कुटाइबाट देवरानीको पाँच महिने गर्भ तुहिएको छ ।

प्रहरीका अनुसार भदौ ४ गते बिहीबार बिहान १० बजे ४० वर्षीया जेठानी जिबछी देवी साह र उनकी देवरानी ३५ वर्षीया ललिता देवी साहबीच झगडा भएको थियो । झगडा बढ्दै जाँदा कुटपिटसम्म पुगेको र सो क्रममा गर्भवती रहेको ललिताको पेटमा चोट लागेर उनको गर्भ तुहिएको हो ।

कुटपिटबाट ललिता साहको पेटमा चोट लागी घाईते भएको र तत्काल अवस्था सामान्य रहेकोले घरमै बसेको तर एक्कासि पेट दुखी बिरामी भएर उपचारका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल ल्याइएकोमा भदौं ८ गते आईतबार गर्भ खेर गएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

प्रहरीको सहयोगमा उपचारका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याएकी उनको पेटबाट चिकित्सकले सोमबार बिहान ५ महिने मृत बच्चा निकालेका हुन् ।

इटा, मुडकी र लातीले कुटपिट गरेपछी बेहोस भएको आफूलाई चार दिन घरमै राखी उनीहरुले सामान्य उपचार गराएको ललिताले सुनाईन् । तर निको नभएपछी स्थानीय र प्रहरीको सहयोगमा आइतबार राती आफूलाई गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याएको उनले बताइन् ।

उनले आफूमाथी निर्घात कुटपिट गर्ने र गर्भमा रहेको शिशुको हत्या गर्नेहरुलाई अविलम्ब पक्राउ गरि कडा कारवाही हुनु पर्ने माग गरेकी छिन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले घटनाको पुष्टि गर्दै आरोपितहरु घरमा फेला नपरेको तथा खोजि कार्य भइरहेको जानकारी दिए ।

## महिलाको शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

सप्तरीको कंचनरुप नगरपालिका वडा नं. ७ धरमपुरस्थित पेट्रोल पम्प नजिक आइतबार साँझ एक महिलाको शव फेला परेको छ ।

प्रहरीका अनुसार आइतवार साँझ ४०/४५ वर्षीय तराई मूलकी जस्तो देखिने मागी खाने महिलाको शव मृत अवस्थामा फेला परेको हो ।

शवको सनाखत हुन बाँकी रहेको र घटनाबारे आवश्यक अनुसन्धान भइरहेको कंचनपुरका प्रहरी नायव उपरीक्षक माधव काफ्लेले जानकारी दिए ।

यसअघि आइतबारै सोही नगरपालिका ६ घोघनपुरस्थित चन्द्रनहरमा डुबेका एक पुरुष मृत फेला परेको छ ।

स्थानीय ४६ वर्षीय शत्रुधन सदा नुहाउने क्रममा मादक पदार्थ सेव गरेको अवस्थामा नहरमा डुबेको प्रहरीले जनाएको छ । डुबेर हराएका सादालाई स्थानीयले खोजतलास गर्ने क्रममा मृत अवस्थामा फेला परेको प्रहरी नायव उपरीक्षक काफ्लेले जानकारी दिए ।

## मधेस प्रदेश सरकारद्वारा सुरक्षा निकायलाई सवारी साधन हस्तान्तरण




**दैनिक समाचारदाता**
**जनकपुर, ९ भदौ ।**

मधेस प्रदेश सरकारका गृह,सञ्चार तथा कानुन मन्त्रालयले प्रदेश स्थित रहेका सुरक्षा निकायका कार्यालयहरुलाई सवारी साधन उपलब्ध गराएको छ ।

मन्त्रालयले नेपाल प्रहरी र राष्ट्रिय अनुसंधानका प्रदेश तथा विभिन्न जिल्ला स्थित रहेको कार्यालयहरुलाई चारपाँग्रे तथा दुई पाँग्रे गरी २६ थान सवारी साधन उपलब्ध गराएको हो ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले सुरक्षा निकायका प्रमुखहरुलाई एक कार्यक्रमको बिच सो सवारी साधनहरु हस्तान्तरण गर्दै देश र जनताको शान्ति सुरक्षा, सुव्यवस्थाका लागि अहोरात्र खटिने सुरक्षा निकायले श्रोत र साधनको अभावमा हामीले चाहे जस्तो सेवा दिन नसक्ने बताउदै सुरक्षा निकायहरूलाई सवारी साधन उपलब्ध गराएको बताए ।

उनले प्रदेशका ८ वटै जिल्ला स्थित रहेका जिल्ला प्रहरी कार्यालय र 'क' श्रेणीका ईलाका प्रहरी कार्यालयहरुलाई केही दिन भित्रै एक/एक थान चारपाँग्रे सवारीसाधन उपलब्ध गराउने जानकारी दिए ।

गृह मन्त्रालयका प्रदेश सचिव विमल प्रसाद वरालका अनुसार मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामलाई १ थान पिकअप गाडी र २१ थान बजाज कम्पनीको डिस्कभर

***बाँकी अन्तिम पृष्ठमा***

## वैदेशिक रोजगारीमा मलेशियामा रहेका रुपनीका एक युवकको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

सप्तरीको रुपनी गाउँपालिकाका एक युवकको मलेसियामा मृत्यु भएको छ ।

गाउँपालिकाको वडा नं. २ स्थित हरिरावाका ३२ वर्षीय दिपक कुमार रामको मलेसियामा मृत्यु भएको हो ।

परिवारमा एकमात्र कमाउने उनी विगत एक दशक भन्दा बढी समयदेखि वैदेशिक रोजगारीका लागि मलेसियामा कार्यरत रहेका रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले जानकारी दिएका छन् ।

त्यहाँ स्थित एक प्लास्टिक फ्याक्ट्रीमा कार्यरत रहँदै आएका उनको शुक्रबार मृत्यु भएको रुपनी २ का वडाअध्यक्ष सरोज कुमार यादवले जानकारी दिए । वडाअध्यक्ष यादवका अनुसार सानै उमेरमा आमाबुबा गुमाएका रामको ६ वर्षअघि मात्र विवाह भएको थियो ।

वैदेशिक रोजगारीको क्रममा दिपकको अल्पआयुमै मृत्यु भएको खवरले उनको परिवार सहित हरिरावा गाउँ नै शोकमा डुबेको छ ।

मलेशियाबाट रामको शव ल्याउन गाउँपालिका कार्यालयले प्रदेश र संघीय सरकारसँग सहयोगका लागि पहल थालेको पालिका अध्यक्ष यादवले बताए । मृतक रामको श्रीमति सहित एक छोरी र एक छोरा छन ।

**प्राथमिक उपचार**

उद्देश्यः
- जीवन बचाउनु,
- दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
- अचेत अवस्थालाई सुरक्षित बनाइ मनोवल बढाउनु,
- चोट वा घाउको अवस्था बिग्रन नदिनु ।

कस्तो अवस्थामा के गर्नेः
- सफा कपडाले रगत बग्नबाट रोक्ने,
- पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने,
- अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने,
- हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने,

प्राथमिक उपचारका लागि आवश्यक पर्नेः ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स ,थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### उद्घाटन गरेर पनि बसपार्क किन संचालनमा आएन ?

केही महिनाअघि मात्र राजविराजस्थित राजदेवी बसपार्कको उद्घाटन गरिएको छ। तर, उद्घाटन गरिएको महिनौं बित्दा समेत बसपार्क अझै संचालनमा आउन सकेको छैन्। लामो समयदेखी निर्माणकै अवस्थामा रहेको उक्त बस पार्क दुई वर्ष अघि नै संचालनमा आउने प्रचारबाजी गरिएपनि निकै जनदबावपछी केही महिना अघि उद्घाटन गरिएको थियो।

यसरी उद्घाटन गरिएको बस पार्क अझै संचालनमा आउन नसक्दा स्थानीय निकायको कमिकमजोरी रहेको देखिएको छ। राजविराज नगरपालिकाको अधिनमा रहेको उक्त बस पार्क संचालनका लागि पालिकाले ठोस पहल चाल्न सकिरहेको छैन्। अहिले पनि बसहरु जताभावी मेनरोडमै पार्किङ गरि आफ्नो समयअनुकुल खुल्ने र रोक्ने कार्य भइरहेको छ। तर यसप्रति पालिकाको कुनै ध्यान जान सकेको छैन्।

दुई दशकको अथक प्रयास पछी उद्घाटन गरिएको बसपार्कबाट बस संचालनका लागि पुनः जनदबाब आवश्यक छ। वर्षौंदेखी नगरको मुख्य सडकमा धुलो उडाउँदै गरेका सवारी साधनहरु विकल्प नहुँदा सडक किनारमै पार्किङ्ग गर्ने र संचालन गर्दै आएका थिए। तर अब उद्घाटन भइसकेको बसपार्कबाट बस संचालनका लागि कीन ढिलाई भइरहेको छ ? यसको उत्तर की पालिकाले दिनुपर्छ की यातायात संचालकहरुले नै। तसर्थ निर्धारित स्थानबाट बस संचालनका लागि स्थानीय पालिका र यातायात संचालकहरुले समन्वय गर्नु आवश्यक छ। होइन भने नाम मात्रको बसपार्क केही दिनपछी जिर्ण भई भौतिक संरचना समेत काम नलाग्ने अवस्थामा पुग्ने निश्चित छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सङ्घीय राजधानी बाहिर पहिलो पटक कोशी अस्पतालमा निःसन्तान उपचार क्लिनिक सञ्चालन

**जुनु भट्टराई**
विराटनगर, ९ भदौ (रासस)।

कोशी अस्पतालमा इन्ट्रा युट्राइन इन्सेमिनेसन (आइयुआई) सेवा सञ्चालनमा आएपछि निःसन्तानपनको समस्याले पीडित दम्पतीलाई सहयोग पुऱ्याएको छ। दैनिक १० देखि १५ दम्पती निःसन्तान उपचारको लागि अस्पतालद्वारा सञ्चालित निःसन्तान उपचार क्लिनिक आउने गरेका छन्। अस्पतालको स्त्री तथा प्रसूति रोग विभागमार्फत सञ्चालन भइरहेको उक्त क्लिनिक संघीय राजधानी बाहिर पहिलो पटक सरकारी अस्पतालमा सञ्चालन गरिएको हो।

उक्त सेवा सञ्चालनमा आएपछि निजी अस्पतालमा गएर खर्च धान्न नसक्ने न्यून आयभएका दम्पतीले राहत महसुस गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रुणा झा बताउनुभयो। "निजी क्लिनिकमा गएर निःसन्तानपनको उपचार गर्न नसक्ने गरिब तथा विपन्न वर्गका दाम्पतीलाई सरकारी अस्पतालमा सर्वसुलभ तरिकाले उपचार सेवा प्रदान गर्ने उद्देश्यले अस्पतालमा सेवा सुरु गरेका थियौँ", उहाँले भन्नुभयो,"अझैपनि धेरैलाई निःसन्तान क्लिनिकले प्रदान गर्ने सेवाको बारेमा जानकारी पयाप्त मात्रामा पुग्न सकेको छैन, त्यसैले सोचेजस्तो सेवाग्राही आएका छैनन्"।

अस्पतालको स्त्री तथा प्रसूति रोग विभाग प्रमुख डा अञ्जुदेव र स्त्रीरोग विशेषज्ञ डा मधुमिता राणाले उक्त क्लिनिक सञ्चालन हुँदै आएको क्लिनिकमा सेवा प्रदान गरिरहनुभएको छ। परामर्श, प्रारम्भिक परीक्षणदेखि लिएर आवश्यक भएमा आययूआईसम्मको सेवा विभागमार्फत दिइने गरिएको छ।

निजी अस्पतालको खर्च धान्न नसक्ने धेरै दम्पती यहाँ सुलभ शुल्कमा परीक्षण, परामर्श र उपचार सरकारी अस्पतालमै सञ्चालन भएपछि धेरैलाई आशा पलाएको प्रमुख डा अञ्जुदेव बताउनुहुन्छ। "हामीले संघीय राजधानीको प्रसूति गृह अस्पताल सरहको शुल्कमै सेवा प्रदान गरिरहेका छौँ", उहाँ भन्नुहुन्छ, "हामीले आइयूआई सेवाको शुल्क करिब रु ६ हजार तोकेको छौँ जुन निजी क्लिनिकमा दोब्बर वा सो भन्दा बढीपर्छ। शुल्क सस्तो भएपछि मध्यम आयवर्गका दम्पतीलाई यसले ठूलो राहत दिएको छ।"

**बिमाबाट सेवा लिन सकिने**

अस्पतालले सुरु गरेको निःसन्तान उपचार सेवा स्वास्थ्य बिमितका लागि राहतदायी बन्ने भएको छ। अस्पतालका अनुसार बिमामा आबद्ध सेवाग्राहीले बिमा कार्ड प्रयोग गरी आवश्यक जाँच र उपचार सेवामध्ये अधिकांश सुविधा कम खर्चमा लिन सक्नेछन्। प्रमुख डा अञ्जुदेवका अनुसार निःसन्तानको समस्यामा परेका दम्पतीका लागि यो सेवा ठूलो राहतका रूपमा आउनेछ। "कुनै-कुनै अपवादबाहेक अधिकांश जाँच स्वास्थ्य बिमा योजनामार्फत नै गराउन सकिन्छ," उहाँले भन्नुभयो "हाम्रो चाहना सकेसम्म बिरामीलाई न्यून खर्चमा सेवा दिन सकियोस् भन्ने हो"।

उपचारको बारेमा आम जनतालाई अझ जानकारी दिनुपर्ने आवश्यकता औँल्याउँदै, बिमाको पहुँच बढे उपचार सेवामा सहजता आउने विश्वास रहेकोसमेत बताउनुभयो। यसबाट विशेषगरी आर्थिक कारणले उपचारबाट वञ्चित हुँदै आएका परिवारलाई प्रत्यक्ष लाभ हुने अपेक्षा गरिएको उहाँको भनाइ छ।

निःसन्तानपनको उपचारमा आययूआई प्रारम्भिक चरणमा प्रयोग हुने प्रविधि मानिन्छ। उहाँ भन्नुहुन्छ, "पुरुषमा शुक्राणुको मात्रा वा गुणस्तर कम हुँदा, महिलामा अण्डा उत्पादनमा समस्या हुने, महिनावारी अनियमित हुने वा शुक्राणु पाठेघरमा नपुग्ने समस्या आयो भने आययूआई प्रविधिबाट सन्तान सुख दिलाउन सकिन्छ।"

उहाँका अनुसार हाल अस्पतालमा आययूआई सेवा सुरु गरिएको छ, भने सफलतापूर्वक सञ्चालन भएपछि आवश्यकता अनुसार इन-भिट्रो फर्टिलाइजेसन (आइभिएफ) सेवा पनि सुरु गर्ने योजना छ। आइयूआईबाट पनि उपचार सम्भव नभएमा भने दम्पतीलाई सरकारले सञ्चालन गरेको अन्य अस्पतालमा रेफर गरिने उहाँको भनाइ छ।

नेपालमा निःसन्तानपन स्वास्थ्य समस्याका रूपमा देखा पर्न थालेको चिकित्सकहरूले बताएका छन्। महिलामा प्रजनन अङ्गसँग सम्बन्धित रोग, मासिक धर्मको अनियमितता, हर्मोनल असन्तुलन, अण्डा उत्पादनमा कमी वा अण्डाशयसम्बन्धी समस्या प्रमुख कारण मानिन्छ। त्यस्तै, पुरुषमा शुक्राणुको उत्पादन, गति वा गुणस्तरमा कमी हुँदा पनि सन्तान सुख टाढा हुने गरेको छ।

विश्व स्वास्थ्य सङ्गठनका तथ्याङ्कअनुसार, निःसन्तानपनले विश्वभर करिब १५ प्रतिशत दम्पतीलाई असर गर्छ। नेपालमा पनि करिब १० देखि १५ प्रतिशत दम्पती यस समस्याबाट प्रभावित हुने गरेको अनुमान छ। कोशी अस्पतालले सञ्चालन गरेको यो क्लिनिक उपचार मात्रै होइन, प्रजनन स्वास्थ्यबारे जनचेतना फैलाउने र मानसिक-भावनात्मक सहयोग पुऱ्याउने उद्देश्यसहित अघि बढाइएको छ। निःसन्तानपन केवल स्वास्थ्य समस्या मात्र नभइ सामाजिक दबाब र मानसिक तनावसँग पनि जोडिएको हुन्छ। यस्ता अवस्थामा परामर्श, जानकारी र उपचार एकैसाथ उपलब्ध हुँदा दम्पतीले ठूलो राहत पाउने अस्पतालले जनाएको छ।

# ट्रमा सेन्टरमा 'दुरविन' प्रविधिबाट मेरुदण्डको शल्यक्रिया

**शरद् शर्मा**
काठमाडौँ, ९ भदौ (रासस)।

राष्ट्रिय ट्रमा सेन्टरमा इन्डोस्कोपिक स्पाइन सर्जरी (दुरविनबाट गरिने मेरुदण्डको शल्यक्रिया) प्रविधिबाट गरिने भएको छ। दुरविनबाट मेरुदण्डको शल्यक्रिया गर्दा बिरामीलाई धेरै सहज हुने छ।

सेन्टरका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा बद्री रिजालले दुरविन प्रविधिबाट मेरुदण्डको गरिने शल्यक्रियाको सबै तयारी पुरा भइरहेको जानकारी दिनुभयो। शल्यक्रियाका लागि सेन्टरमा उपकरण आइसकेको छ। सेन्टरमा यसअघि नशा च्यापिएकालाई माइक्रोस्कोपिक सर्जरी (थोरै चिरेर गरिने शल्यक्रिया) हुने गर्दथ्यो।

उहाँले चीनमा सेन्टरका तीन जना चिकित्सकलाई तालिममा पठाएर यही महिनाभित्र नै सेवा सञ्चालन गर्ने बताउनुभयो। उहाँका अनुसार दुरविनबाट सानो प्वाल पारेर मेरुदण्डमा नशा च्यापिएको शल्यक्रिया गरिन्छ। "मेरुदण्डमा नशा च्यापिएको हुन्छ र चोटपटकले गर्दा पनि नशा च्यापिएको हुन्छ, दुरविनबाट शल्यक्रिया गर्दा रक्तस्राव कम हुने, ठूलो घाउ नहुने र अस्पतालको बसाइ पनि बिरामीको कम हुन्छ", उहाँले भन्नुभयो।

सेन्टरका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा रिजालले इन्डोस्कोपिक स्पाइन सर्जरी महँगो भए पनि बिरामीलाई सरकारले उपलब्ध गराएको रु एक लाखमा गर्ने बताउनुभयो। सेन्टरका वरिष्ठ हाडजोर्नी शल्य रोग विशेषज्ञ डा राजेश चौधरी स्पाइन सर्जरी जटिल भएकाले समयमा नै बिरामीले उपचार गर्न सके निको हुने बताउनुहुन्छ। "बिरामीहरू मेरुदण्ड दुख्यो भने इन्जेक्सन लगाएर केही समय सञ्चो हुने चलन बिरामीलाई छ, यसले केही बेर सन्चो भएको महसुस गरे पनि दीर्घकालीन उपचार यो होइन", उहाँले भन्नुभयो, "मेरुदण्डको नशा च्यापिएरको दीर्घकालीन समस्या समाधान शल्यक्रिया नै हो।"

यस्तै सेन्टरले घुँडा र हिपको जोर्नीको प्रत्यारोपण पनि गर्दै आइरहेको छ। घुँडा खिइएको, उमेर पुगेपछि घुँडाले काम नगर्ने, घुँडा बिग्रेको घुँडाको नशा च्यातिएकोजस्ता घुँडाका समस्याको पनि प्रत्यारोपण हुँदै आएको सेन्टरका मेडिकल सुपरिन्टेन्डेन्ट डा रिजालले जानकारी दिनुभयो। उहाँले हप्तामा १० देखि १५ वटा प्रत्यारोपण अस्पतालमा हुँदै आएको छ। "जोर्नी खिइएर मानिसलाई हिँड्न र नसक्ने, उठ्न सक्दैनन्। जोर्नी खिइएर जोर्नीको आकार बिग्रेर हिँड्न नै समस्या हुने गर्दछ, चोटपटकले गर्दा जोर्नी बिग्रेपछि जोर्नी फेर्नुपर्ने अवस्था हुने गर्दछ", उहाँले भन्नुभयो, "ती सबैको शल्यक्रियामार्फत उपचार गरिन्छ।"

खेल खेल्दा घुँडाको नशा च्यातिने र ढाडमा चोट लागेर पनि नशा च्यापिने गर्दछ। यसैगरी सेन्टरमा न्यूरो सर्जरी टाउकोमा लागेको चोट पटक, हाडजोर्नी र मासुमा हुने ट्युमरको पनि सेन्टरमा शल्यक्रिया गरेर उपचार हुने गर्दछ।

**उपचारपछि ट्रमाका बिरामीलाई पुनः स्थापनामा समस्या**

अस्पताललाई उपचार गरेका बिरामीलाई स्थानान्तरण गर्ने ठाउँको अभावले अस्पतालमा नै राख्नुपर्ने बाध्यता रहेको छ। उपचारपछि फिजियोथेरापीका लागि स्थानान्तरण गर्न सके अरु बिरामीको उपचारको सेवा अस्पतालले दिनसक्ने थियो।

"उपचारपछि बिरामी अयन्त्र सार्न नपाएको हुनाले ति बिरामीको बसाइ अहिले औसतमा नौ दिन भइरहेको छ", उहाँले भन्नुभयो, "यदि पुनःस्थापना केन्द्र भइदिएको भए हामी यहाँ बिरामीको औसत बसाइ तीनदेखि चारदिन मात्र हुने थियो, धेरै दिन बिरामीलाई अस्पतालमा राख्दा अन्य बिरामीले अस्पतालबाट सेवा पाएका छैनन्।"

हाडजोर्नीमा चोटपटक लागेका बिरामीलाई तीन-चार दिनको अस्पतालमा उपचार गरेपछि पुनः स्थापना केन्द्रमा राखेर उपचार गर्न सकिन्छ। सेन्टरले ललितपुरको गोदावरीमा जग्गा प्राप्तिको प्रक्रियामा रहेको छ। सेन्टरका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा रिजालले यही वर्षदेखि भाडामा ठाउँ लिएर भए पनि सञ्चालन गर्ने तयारी गरिएको बताउनुभयो।

सेन्टरमा एमआरआई सेवा पनि यसै वर्षदेखि सञ्चालन गर्ने तयारी रहेको उहाँले बताउनुभयो। अस्तपालमा सघन उपचार कक्ष (आइसियु) ११, हाइडिपेन्डेन्सी युनिट आठ र

बाँकी अन्तिम पृष्ठमा

# सेनाले सम्पन्न गर्‍यो साढे दुई करोडमा २२ शीघ्र प्रभावी आयोजना

काठमाडौं, ९ भदौ (रासस)।

नेपाली सेनाले आर्थिक वर्ष २०८१/८२ मा संविधानप्रदत्त जिम्मेवारीका अतिरिक्त कम समयमा न्यूनतम लगानी गरी बढीभन्दा बढी जनसमुदाय प्रत्यक्षरूपमा लाभान्वित गराउने उद्देश्यले विभिन्न २२ वटा शीघ्र प्रभावी आयोजना सम्पन्न गरेको छ।

सांस्कृतिक तथा पुरातात्विक महत्त्वका संरचनाको मर्मत सम्भार गरी इतिहास एवं संस्कृतिको संरक्षण र समुदायको आवश्यकतामा प्रत्यक्ष टेवा पुऱ्याउन रु दुई करोड ५६ लाखको लागतमा ती आयोजना सम्पन्न गरिएको नेपाली सेनाका सहायकरथी एवम् प्रवक्ता राजाराम बस्नेतले जानकारी दिनुभयो।

गत वर्ष उपत्यका पृतनाअन्तर्गत एक, पूर्वी, मध्यपूर्वी, मध्य, पश्चिम, मध्य पश्चिम, उत्तर पश्चिम र सुदूरपश्चिम पृतनाअन्तर्गत तीन/तीन वटा शीघ्र प्रभावी आयोजना कार्यान्वयनमा ल्याएको थियो।

इतिहाससँगै स्थानीय संस्कृतिको जगेर्ना तथा नेपाल एकीकरणको दौरान प्रयोग भएका रणनीतिक एवं ऐतिहासिक महत्वका विभिन्न मठमन्दिर, कोटगढी र दरबारको मर्मत-सम्भार गरिएको छ।

सेनाले पुरातत्व विभागसँगको समन्वयबाट परम्परागत निर्माण सामग्रीको प्रयोग गरी बाजुरा स्थित ऐतिहासिक, पुरातात्विक एवं धार्मिक महत्वको बडी मालिका मन्दिर पुनर्निर्माण सम्पन्न गरेको छ।

गत वर्ष सेनाले उदयपुरस्थित चौदण्डी गढी, ओखलढुङ्गाको तलुवागढी, चितवनको उपरदाङ्ग गढी, नुवाकोटको बेलकोट गढी, लमजुङको पुरानकोट, सुर्खेतको बयलकाँडा गढी, डडेलधुराको अमरगढी र पाल्पाको माथागढी तथा गुल्मीको मुसिकोट दरबारको स्तरोन्नति तथा मर्मत-सम्भार गरेको प्रवक्ता बस्नेतले जानकारी दिनुभयो।

त्यसैगरी सामाजिक मूल्य र मान्यतालाई अक्षुण्ण राखी एकताभाव जागृत गर्ने सांस्कृतिक तथा पर्यटकीय महत्वकाविभिन्न सम्पदाको जगेर्ना गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

इलामको माई स्थान मन्दिर, रामेछापको तिल्केस्थान गढीमा रहेको देवी मन्दिर, नुवाकोटको बेलकोटगढीस्थित निरञ्जना भगवती मन्दिरको स्तरोन्नति गरिएको छ।

चितवनको देवघाटस्थित महेश आश्रममा गौशाला, मुस्ताङस्थित कागबेनीमा श्राद्ध स्थलमा टूसघर, पर्वतको कटुवाचौपारीमा पुजारी बस्ने कोठासहितको टूसघर निर्माण गरिएको छ।

महिला तथा विकट क्षेत्रका छात्र/छात्राको विद्यालय पहुँचमा सहजता पुऱ्याउने उद्देश्यले छात्रा शौचालय निर्माण गरिएको छ। सेनाले महोत्तरीको सोनम गाउँपालिकास्थित सरस्वती जनता माविमा छात्रालाई लक्षित गरी चार कोठे छात्रा शौचालय तथा दैलेखको दुल्लु नगरपालिका स्थित तीर्थस्थल पञ्चकोशी मावि वेद विद्या आश्रममा अध्ययनरत छात्रका लागि सेड घर निर्माण गरेको छ।

यस्तै 'एक पालिका, एक हेलिप्याड'को नीतिमा सहयोग पुऱ्याउने लक्ष्यका साथ मुगुको मुगुम कार्मारुङ गाउँपालिकामा हेलिप्याड निर्माण गरिएको छ। यसले जटिल प्रसुति समस्यामा पर्न सक्ने सुत्केरी तथा गर्भवती महिलाको हवाई उद्धार एवं विपद् तथा विभिन्न दुर्घटनाका दौरान आकस्मिक उद्धार कार्यमा समेत सहज बनाउने विश्वास गरिएको छ।

डडेलधुरा र डोटीका स्थानीयलाई खानेपानीको सहज पहुँच पुऱ्याउन पिउने पानी ट्याङ्की निर्माण, पाइपलाइन विस्तार तथा धाराको जडान गरिएको छ। पर्यटन तथा पर्यावरणलाई टेवा पुऱ्याउने उद्देश्यले काठमाडौंको नारायणहिटी सङ्ग्रहालय परिसरमा रहेको भित्र पोखरीको मर्मत सम्भारका साथै बाराको कलैया बजारमा नेपालको झण्डा तथा मोनोग्राम निर्माणको कार्य सुरु गरिएको पनि सेनाले जानकारी दिएको छ।

गत आवमा सम्पन्न भएका शीघ्र प्रभावी आयोजना सम्बन्धित स्थानीय निकायलाई हस्तान्तरण गरिएको पनि सेनाले जनाएको छ। शीघ्र प्रभावी आयोजनाको कार्यान्वयनबाट स्थानीय जनतामा आफ्नो टोल तथा सहरको विकास निर्माण सरसफाइलगायत सौन्दर्यीकरणमा अपनत्व जागृत गराउनुका साथै जनसमुदायमा राष्ट्रिय एकताको भावना समेत अभिवृद्धि हुने विश्वास लिएको छ।

# झाडापखला र हैजाका बिरामीको निःशुल्क उपचारको प्रबन्ध मिलाउन मन्त्री पौडेलको निर्देशन

पर्सा, ९ भदौ (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले वीरगञ्जको नारायणी अस्पतालमा झाडापखाला र हैजाको उपचारका लागि आउने बिरामीलाई निःशुल्क औषधि र उपचारको प्रबन्ध मिलाउन अस्पताल प्रशासनलाई निर्देशन दिनुभएको छ।

वीरगञ्ज आसपासमा झाडापखला र हैजाको सङ्क्रमण देखिएपछि निरीक्षण गर्न आउनुभएका मन्त्री पौडेलले अस्पतालले बिरामीको उचित ढङ्गले उपचार गर्नुपर्ने बताउनुभएको हो। "नारायणी अस्पतालमा झाडापखाला र हैजाको उपचारका लागि आउने कुनै पनि बिरामीले जुनसुकै औषधि निःशुल्क पाउने गरी व्यवस्थापन गर्न आग्रह छ", उहाँले भन्नुभयो,"विश्व स्वास्थ्य सङ्गठनको पोर्टोकलले भ्याउने खालको औषधिले पुग्ने भए ठीकै छ। नत्र भने परिस्थितिवस थप औषधि दिनुपर्ने छ भने पनि ती औषधि निःशुल्क उपलब्ध गराउन र आवश्यक व्यवस्थापन गर्नका लागि अस्पताल प्रशासनलाई निर्देश गर्दछु।"

मन्त्री पौडेलले अस्पतालमा उपचाररत बिरामीसँग त्यहाँको सेवा र गुनासाबारे जानकारी लिनुभएको थियो। "बिरामीसँग कुरा गर्दा केही औषधि किन्नुपरेको गुनासो सुन्नुप्यो। त्यसैले अबदेखि कुनै औषधि किन्न नपर्ने खालको व्यवस्था मिलाउनुहोला", उहाँले भन्नुभयो, "झाडापखला र हैजाको परीक्षण गर्दा कुनै प्रकारको शुल्क नलिनको मेरो आग्रह छ।"

मन्त्री पौडेलले तीनै तहका सरकारसँग समन्वय गरेर कुनै पनि हालतमा औषधिको कमी हुन नदिने बताउनुभयो। "कुनै पनि हालतमा औषधिको अभाव हुने छैन। जनशक्तिको अभाव हुने छैन। अहिले नारायणी अस्पतालमा बारा र रौतहटका प्रादेशिक अस्पतालबाट चिकित्सकसहितका स्वास्थ्यकर्मीको टोली आइरहेको छ। त्यसैगरी मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट आउने कुरा भइरहेको छ।"

मन्त्री पौडेलले थप जनशक्ति र सहायता चाहिएको खण्डमा सङ्घीय सरकारले तत्कालै चिकित्सकसहितको जनशक्ति उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले वीरगञ्जका निजी अस्पताललाई झाडापखला र हैजाका बिरामीलाई सहज र सुलभ मूल्यमा औषधि उपचारमा सहयोगका लागि आग्रह गर्नुभयो।

मधेस प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री जनार्दनसिंह क्षत्रीले नारायणी अस्पताललाई प्रदेश सरकारले विभिन्न थरिका औषधि उपलब्ध गराउँदै आइरहेको जानकारी दिनुभयो। उहाँले समस्या परेका बेला मात्र तात्ने नभइ जुनसुकै बेला समस्या आउनसक्छ भन्ने सोचेर दीर्घकालीन योजनासहित काम गर्न अस्पताल प्रशासनलाई आग्रह गर्नुभयो।

वीरगञ्ज महानगरपालिका प्रमुख राजेशमान सिंहले वीरगञ्जमा झाडापखला र हैजाको समस्या देखिएकाले समस्या समाधान गर्नका लागि सबैले हातेमालो गरेर अघि बढ्नुपर्ने बताउनुभयो। उहाँले एकद्वार प्रणालीबाट उपचार र औषधि वितरण गर्नुपर्नेमा जोड दिनुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका जनस्वास्थ्य प्रशासक विशाल सुवेदीले निश्चित मापदण्डको 'चेकलिस्ट'सहित हैजाको मुख्य कारण पत्ता लगाउने कार्य भइरहेको बताउनुभयो। पाँच वटा कलष्टरमा आधारित भएर आवश्यक काम भइरहेको उहाँले जानकारी गराउनुभयो।

नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) चुमनलाल दासले अस्पतालमा हाल ४८ जना झाडापखला र हैजाका बिरामीको उपचार भइरहेको जानकारी दिनुभयो। तीमध्ये दुई जनाको आकस्मिक कक्षमा र अन्यको तीन वटा वार्डमा उपचार भइरहेको उहाँले बताउनुभयो।

मेसु दासका अनुसार हाल यहाँ प्रादेशिक अस्पताल गौर र कलैयाँबाट चिकित्सकसहितको टोली आएर उपचार सेवा दिइरहेका छन्। यस्तै, वीरगञ्ज नर्सिङ कलेजका बिएस्सी नर्सिङ अध्ययनरत विद्यार्थी र वीरगञ्ज महानगरबाट स्वास्थ्यकर्मी तथा सरसफाइकर्मी आएर आवश्यक सहजीकरण गरिरहेका छन्।

स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले झाडापखला र हैजाका गरी दुई सय ५४ जना बिरामीको सङ्ख्या दर्ता भएको बताउनुभयो। "हालसम्म एक सय तीन जना बिरामी वीरगञ्जका विभिन्न अस्पतालमा उपचारत रहेका छन्। २२ जना सघन उपचार कक्ष (आइसियु) र छ जना बिरामी 'एचसियु'मा उपचाररत छन् ", उहाँले भन्नुभयो,"बाँकी रहेका बिरामी जनरल वार्डमा छन्। आइसियुमा रहेका २२ मध्ये २० जना निजी अस्पताल र दुई जना नारायणी अस्पतालमा छन्।"

यहाँ हालसम्म एक सय २४ जना बिरामी उपचार गरेर घर फर्किसकेका छन्।

## विश्व समाचार

### बङ्गलादेशद्वारा पाकिस्तानलाई सन् १९७१ को नरसंहारबारे माफी माग्न आग्रह

ढाका, ९ भदौ (रासस/एएनआई)।

बङ्गलादेशले पाकिस्तानलाई सन् १९७१ को नरसंहारका लागि आधिकारिक माफी माग्न आग्रह गरेको छ। बङ्गलादेशका विदेश मामिला सल्लाहकार मोहम्मद तौहिद हुसेनले आइतबार ढाकामा भएको द्विपक्षीय बैठकमा पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक दारसँग यो विषय उठाउनुभएको थियो। "सन् १९७१ मा पाकिस्तानले गरेको नरसंहारबारे औपचारिक र आधिकारिक माफी माग्नु, सम्पत्तिको विभाजन, सन् १९७० को चक्रवात पीडितका लागि विदेशी सहायता हस्तान्तरण, फसेका पाकिस्तानीहरूको स्वदेश फिर्ती जस्ता लामो समयदेखि बाँकी रहेका ऐतिहासिक विषयहरूलाई समाधान गर्नु बङ्गलादेश-पाकिस्तान सम्बन्धलाई स्थायी र अग्रगामी बनाउन आवश्यक ठोस आधार हो", बैठकपछि जारी विज्ञप्तिमा बङ्गलादेशको विदेश मन्त्रालयले उल्लेख गरेको छ। पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक दार आफ्ना बङ्गलादेशी समकक्षीको निमन्त्रणामा अगस्ट २३ देखि २४ सम्म बङ्गलादेशको दुई दिने आधिकारिक भ्रमणमा हुनुहुन्थ्यो। भ्रमणका क्रममा दिउँसो उहाँले बङ्गलादेशका प्रमुख सल्लाहकार मुहम्मद युनुससँग भेट गर्नुभएको थियो।

सो अवसरमा बङ्गलादेश र पाकिस्तानबीच एउटा द्विपक्षीय सम्झौता तथा पाँचवटा समझदारीपत्र (एमओयू) मा हस्ताक्षर गरिएको छ। आइतबार दिउँसो ढाकामा भएको हस्ताक्षर समारोहमा बङ्गलादेशका विदेश मामिला सल्लाहकार मोहम्मद तौहिद हुसेन र पाकिस्तानका विदेशमन्त्री इशाक दार उपस्थित हुनुहुन्थ्यो। सम्झौतामा दुवै देशका सरकारी र कूटनीतिक पासपोर्ट वाहकका लागि भिसा छुटको व्यवस्था गरिएको छ। साथै, दुवै देशबीच व्यापारसम्बन्धी संयुक्त कार्य समूहको गठन, सांस्कृतिक आदानप्रदान, विदेश सेवा एकेडेमीबीच सहकार्य, राज्य सञ्चालित समाचार एजेन्सीहरूबीच सहकार्य, बङ्गलादेश इन्स्टिच्युट अफ इन्टरनेसनल एन्ड स्ट्रेटेजिक स्टडिज र पाकिस्तान इन्स्टिच्युट अफ स्ट्रेटेजिक स्टडिज इस्लामाबाद बीच सहकार्य गर्ने विषयमा पनि समझदारीपत्रमा हस्ताक्षर गरिएको छ। यसअघि, पाकिस्तानका वाणिज्यमन्त्री जाम कमल खान र बङ्गलादेशका वाणिज्य सल्लाहकार एस.के. बशीर उद्दीनबीच बिहीबार ढाकामा आर्थिक सहयोग, आपसी लगानी प्रवर्द्धन तथा द्विपक्षीय व्यापार सम्बन्ध सुदृढीकरणबारे गहन छलफल भएको थियो।

### भान्सद्वारा युक्रेन युद्धमा रुसमाथि दबाब दिन भारतमाथि लगाइएको भन्सार शुल्कको बचाउ

वासिङ्टन, ९ भदौ (रासस/एएनआई)।

अमेरिकाका उपराष्ट्रपति जे डी भान्सले आइतबार (स्थानीय समय) भारतमाथि लगाइएका माध्यमिक प्रतिबन्ध र भन्सार शुल्कलाई युक्रेन युद्धमा रुसविरुद्ध प्रयोग गरिएको 'आक्रामक आर्थिक लाभ' को रणनीति अन्तर्गत रहेको भन्दै यसको बचाउ गर्नुभएको छ। एनबिसी न्युजको मिट द प्रेस कार्यक्रममा बोल्दै उहाँले ट्रम्प प्रशासनले भारतमाथि कर लगाउने उपायमार्फत मस्कोलाई आफ्नो तेल अर्थतन्त्रबाट फाइदा लिन कठिन बनाइरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "मलाई लाग्छ यो प्रश्नले वास्तविक अवस्थाबारे गलत बुझाइ ल्याउँछ। राष्ट्रपतिले आक्रामक आर्थिक लाभको प्रयोग गर्नुभएको छ। उदाहरणका लागि, रुसीहरूलाई तेल अर्थतन्त्रबाट धनी हुन कठिन बनाउने उद्देश्यले भारतमाथि दोस्रो भन्सार शुल्क लगाइएको हो। उहाँले यदि रुसले हत्या र हिंसा रोकेर युद्ध अन्त्य गर्छ भने उनीहरू पुनः विश्व अर्थतन्त्रमा समाहित हुन सक्छन्, तर यदि त्यसो भएन भने उनीहरू अलग-थलग रहन्छन् भनेर स्पष्ट रूपमा देखाउनु खोज्नुभएको छ।"

प्रतिबन्धले रुसी राष्ट्रपति भ्लादिमिर पुटिन युद्धविरामका लागि बाध्य हुनुहुन्न भन्ने विदेशमन्त्री मार्को रुबियोको शङ्काबारे सोध्दा भान्सले भन्नुभयो, "प्रतिबन्धहरू टेबलबाट हटाइएका छैनन्। हामी केस-बाइ-केस आधारमा निर्णय गर्छौं। वास्तविक प्रश्न यो हो कि कुन प्रकारको दबाबले रुसीहरूलाई वार्ता टेबलमा ल्याउन सक्छ? तपाईंले भन्नुभयो कि प्रतिबन्धले युद्धविराम ल्याउँदैन, मलाई लाग्छ त्यो ठ्याक्कै सत्य हो। किनकि यदि हामी रुसीहरूको दृष्टिकोणलाई हेर्यौं भने, उनीहरू युद्ध रोक्न चाहँदैनन्। उनीहरूका जटिल कारण छन् जसका कारण युद्ध जारी राख्न चाहन्छन्।"

उप-राष्ट्रपतिले अमेरिकासँग अझै पनि 'खेल्न बाँकी धेरै कार्डहरू' रहेको उल्लेख गर्दै ट्रम्प प्रशासनले अघिल्ला सरकारहरूभन्दा बढी आर्थिक दबाब मस्कोमाथि दिएको दाबी गर्नुभयो। वासिङ्टनले रुसी तेलको सबैभन्दा ठूलो खरिदकर्ता चीनमाथि समान उपाय लागू नगरेको भन्ने आलोचनामा उहाँले जवाफ दिनुभयो, "अहिले हामीसँग चीनमाथि ५४ प्रतिशत कर छ। यसैले हामीले पहिले नै चिनियाँहरूमाथि कडा प्रतिबन्ध लागू गरिसकेका छौं साथै, युद्ध अन्त्य गर्न चीनलाई जिम्मेवार साझेदार बन्न प्रोत्साहित गर्न सरकारका सबै तहमा निरन्तर संवाद भइरहेका छन्।"

यदि रुससँग सम्झौता भयो भने केही कर हटाउन सकिने तर आवश्यक परे थप भन्सार शुल्क लगाउने विकल्प पनि खुला रहनेछ भन्ने भान्सले सङ्केत दिनुभयो। उहाँले भन्नुभयो, "हामी यो युद्धलाई अन्त्यतर्फ लैजान आक्रामक आर्थिक दबाब दिइरहेका छौं। सम्भवतः हामीले अझै थप दबाब लागू गर्नेछौं, वा यदि प्रगति भएको महसुस भयो भने त्यो दबाब घटाउनेछौं।"

रुस-युक्रेन वार्ता र युक्रेनका लागि अमेरिकी प्रतिबद्धता सन्दर्भमा भान्सले भन्नुभयो, "हामी युक्रेनलाई सुरक्षा ग्यारेन्टी प्रदान गरिरहेका छौं जसले भविष्यमा फेरि आक्रमण हुन नदिने सुनिश्चित गर्छ। त्यसैले धेरै प्रगति भएको छ, यद्यपि हामी अझै लक्ष्यसम्म पुगेका छैनौं।"

अमेरिकी कूटनीतिक पहलमा प्रकाश पार्दै उहाँले भन्नुभयो, "हामी हत्या र युद्ध रोक्ने आधार खोज्न रुसी तथा युक्रेनी दुवैसँग सकेसम्म संवाद गर्ने प्रयास गरिरहेका छौं। राष्ट्रपति पनि यस क्षेत्रमा धेरै आक्रामक र ऊर्जावान कूटनीतिमा संलग्न हुनुभएको छ, किनभने यो युद्ध कसैको हितमा छैन। यो न युरोप न अमेरिकाको हितमा पर्छ। रुस वा युक्रेनको हितमा पनि छैन। त्यसैले हामी कूटनीतिक समाधानका लागि निरन्तर दबाब दिनेछौं।"

# मोटरसाइकल दुर्घटनामा तीन जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

सप्तरीको छुट्टाछुट्टै स्थानमा आइतबार राती भएको मोटरसाइकल दुर्घटनामा तीन जना घाइते भएका छन् ।

जिल्लाको सुरुङ्गा नगरपालिका ६ श्रीपुर टोलस्थित पुर्व पश्चिम राजमार्गमा कडरवोनाबाट कदमाहातर्फ जादै गरेको प्र.२-०१-००१प.३७११ नं. को मोटरसाइकल आफै अनियन्त्रीत भई दुर्घटना हुँदा मोटरसाइकल चालक शम्भुनाथ नगरपालिका ३ बस्ने २८ वर्षिय अजय कुमार चौधरीको बाँया खुट्टा भाँचिनुका साथै शरीरको बिभिन्न भागमा चोट लागेको छ ।

प्रहरीका अनुसार सडकको डिभाईडरमा ठोकिन गई दुर्घटना हुदा बिपरित दिशाबाट आउदै गरेको स.५प.२९५७ नं. को मोटरसाइकल समेतलाई ठक्कर दिदा चौधरी घाइते भएका हुन् ।

यस्तै सोही दुर्घटनामा स.५प.२९५७ नं. को मोटरसाइकल चालक बोदेबरसाईन २ बस्ने ३० वर्षिय सुनिल कुमार यादवको समेत शरीरको बिभिन्न भागमा चोट लागेकोले दुबै जनालाई लहानस्थित सप्तऋषि अस्पतालमा उपचारका लागि भर्ना गरिएको छ ।

यसैबीच अजय कुमार चौधरीलाई थपउपचारका लागि बिराटनगरस्थित बिराटनरसिङ अस्पतालमा पठाइएको प्रहरीले जनाएको छ ।

यस्तै सोही दिन सुरुङा ५ जिनिस अस्पताल नजिकै पुर्व-पश्चिम राजमार्गमा नम्बर नखुलेको सवारी साधनले कदमाहबाट कडरबोनातर्फ आउदै गरेको म.प्र.०१-००४प.४७८४ नं. को मोटरसाइकललाई ठक्कर दिएको छ ।

ठक्करबाट मोटरसाइकल चालक सोही नगरपालिका ४ बस्ने ३५ वर्षिय शुबा चौधरीको मुख र शरीरको बिभिन्न भागमा चोट लागेर घाइते हुँदा लहानस्थित सप्तऋषी अस्पतालमा सामान्य उपचार पश्चात् थपउपचारका बिराटनगरस्थित न्युरो अस्पताल पठाईएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार चौधरीको अवस्था गम्भिर रहेको तथा ठक्कर दिने सवारी साधनको खोजतलास भइरहेको जनाइएको छ ।

# स्वास्थ्यकर्मीलाई अत्यावश्यक बाहेकका विदा स्वीकृत नगर्ने

पर्सा, ९ भदौ (रासस) ।

जिल्ला स्वास्थ्य संकट व्यवस्थापन समितिको आइतबार बसेको बैठकले महामारीको समयमा स्वास्थ्य जनशक्ति अभाव हुन नदिन स्वास्थ्यकर्मीलाई अत्यावश्यक बाहेकका विदा स्वीकृत नगर्ने निर्णय गरेको छ ।

निमित्त प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीको अध्यक्षतामा बसेको बैठकले यहाँ झाडापखाला र हैजाको सङ्क्रमण देखिएपछि आवश्यक पर्ने स्थानीय तहका स्वास्थ्यकर्मीलाई केन्द्रिकृत रूपमा तोकिएको स्वास्थ्य संस्थामा खटाउन सकिने निर्णय गरेको हो ।

सो बैठकमा मधेस प्रदेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री सत्रुधन प्रसादसिंहको पनि उपस्थिति थियो ।

निमित्त प्रजिअ कार्कीले झाडा पखाला, कोलेरा (हैजा) रोकथामका लागि सबै निकायसँगको समन्वयमा आवश्यक सामग्री व्यवस्थापन गरी माइकिङ, घरदैलो एवम् सचेतना जागरण तत्काले सञ्चालन गर्ने निर्णय गरिएको बताउनुभयो ।

सोही बैठकले सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त थप जनशक्ति तथा स्रोत साधनको 'पुल' खडा गरी जिल्ला स्वास्थ्य संकट व्यवस्थापन समितिमार्फत वितरण, व्यवस्थापन एवं अनुगमन गर्ने निर्णय गरेको छ ।

हाल फैलिरहेको महामारीको 'सोर्स अफ इन्फेक्सन आइडेन्टिफिकेसन'का लागि महामारीको अनुसन्धान, सम्बन्धित स्थानीय तहले गर्ने तथा सोको लागि आवश्यक प्राविधिक सहयोग प्रदेश तथा सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्ने निर्णय भएको जनाइएको छ ।

# वीरगञ्जमा समुदायस्तरमै फैलियो हैजा, अहिलेसम्म ७९ जना सङ्क्रमित फेला

पर्सा, ९ भदौ (रासस) ।

वीरगञ्ज महानगर क्षेत्रमा समुदायस्तरमा नै हैजाको सङ्क्रमण फैलिए पनि अहिलेसम्म हैजाको स्रोत भने अहिलेसम्म पत्ता लाग्न सकेको छैन । गत शुक्रबारदेखि वीरगञ्जका विभिन्न वडामा हैजाका सङ्क्रमित बिरामी भेटिँदै आइरहेका छन् ।

स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले अहिलेसम्म वीरगञ्जमा ७९ जना हैजाका सङ्क्रमित बिरामी फेला पारेको जानकारी दिनुभयो । “आइतबार बेलुका ८:०० बजेसम्म हैजाका सङ्क्रमित ७१ जना भेटिएका थिए”, उहाँले भन्नुभयो, “सोमबार बिहानसम्म थप आठ जना हैजाका सङ्क्रमित भेट्टिएका छन् ।”

“हैजाको मुख्य स्रोत अहिलेसम्म पत्ता लागेको छैन”, उहाँले भन्नुभयो, “विश्व स्वास्थ्य सङ्गठनलगायतका प्रतिनिधिले आइतबारदेखि यहाँका पानीको परीक्षणलगायतका गरिरहनुभएको छ । सम्भवत् सोमबारसम्म हैजाको स्रोतको पहिचान हुने आशा राखेका छौँ ।”

नारायणी अस्पताल वीरगञ्जका प्रवक्ता डा उदयनारायण सिंहले आइतबारसम्म अस्पतालमा ३० जना बिरामी भर्ना भएको जानकारी दिनुभयो । “नारायणी अस्पतालमा हैजाको उपचारको लागि शचया र जनशक्ति दुवैको अभाव देखिएको छ”, उहाँले भन्नुभयो, “अहिलेसम्म कुनै पनि निकायबाट आवश्यक पर्ने सहयोग आइपुगिसकेको छैन । अहिलेसम्म कागजी प्रक्रियामा सहयोग गर्ने भने तापनि वास्तविक रूपमा आवश्यक पर्ने जनशक्ति र अन्य उपचारका सामग्री आइपुगिसकेको छैन ।”

प्रवक्ता सिंहले हैजाको महामारीको साथसाथै अन्य विभिन्न किसिमका बिरामीको चाप पनि थेग्ने नसकिने प्रकृतिको रहेको गुनासो गर्नुभयो । “हामीले यो महामारीबाहेक अन्य खालका विभिन्न महामारीसँग पनि लडिरहेका छौँ । सर्पदंशको बिगबिगी छ । ज्वरो, प्यारालाइसिसलगायत बिरामीको चाप भए पनि जनशक्ति पर्याप्त नहुँदा भने व्यवस्थापन गर्न मुस्किल भइरहेको छ”, उहाँले भन्नुभयो, “भएका जनशक्तिले अत्यधिक काम गर्न परिरहेको छ । तर अस्पतालमा अहिले आन्तरिक र बाह्य दुवै खालको सहयोग छैन ।”

प्रवक्ता सिंहले वीरगञ्जमा विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधि आएर पानीको परीक्षणलगायतका आवश्यक काम गरिरहेकाले पनि सम्भवत् सोमबारै हैजाको स्रोतको प्रारम्भिक रिपोर्ट आउन सक्ने जानकारी दिनुभयो । नारायणी अस्पतालमा जाँच गर्दा २६ जना बिरामीमा कलेरा सङ्क्रमित देखिएका छन् । त्यस्तै तराई अस्पतालमा २५ जना, नेशनल मेडिकल कलेजमा नौ जना, भवानी अस्पतालमा तीन जना कलेरा सङ्क्रमित बिरामी भेट्टिएका हुन् ।

त्यस्तैगरी वीरगञ्ज हेल्थ केयर, अली अर्थो अस्ताताल, मङ्गलम प्याथोलोजीमा दुई-दुई जनाको दरले आठ जना हैजा कोलेरा सङ्क्रमित बिरामी भेट्टिएका छन् । थप आठ जना बिरामी सोमबार विहानीको समयमा थपिएको सोको विवरण कुन अस्पतालमा परीक्षण गरिएको खुल्न सकेको छैन ।

# झाको स्मृतीमा पुरस्कार वितरण गर्न छनौट समिति गठन

**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

पब्लिक माध्यमिक विद्यालय लौनियाँ तिलाठीका पूर्व प्रधानाध्यापक रहिसकेका स्व. अमरनाथ झाको दोश्रो स्मृतीमा पुरस्कार दिनका लागि छनौट समिति गठन गरिएको छ ।

अमरनाथ झा मेमोरियल ट्रष्टले २०८२ सालमा प्रदान गरिने अमरनाथ झा स्मृति पुरस्कारका लागि व्यक्ति छनौट गर्न सात सदस्यीय समिति गठन गरिएको हो ।

पूर्व शिक्षक दयाकान्त झाको संयोजकत्वमा गठित पुरस्कार छनौट समितिमा दिनेश्वर मिश्र, निरज कुमार निरज, देव नारायण यादव, जितेन्द्र कुमार झा जितु, प्रवेश कुमार मिश्र र विपीन कुमार यादव सदस्य रहेका छन् ।

झाको स्मृतिमा ५१ हजार राशीको पुरस्कार यस वर्ष शिक्षा विधामा प्रदान गरिने सल्लाहकार शम्भु झाले बताएका छन् ।

स्वर्गीय झाको दोस्रो स्मृति दिवस भाद्र २१ गते पर्ने भएकोले भाद्र महिना भित्रै पुरस्कार वितरण गर्ने गरि सिफारिश गर्न छनौट समितिलाई जिम्मेवारी तोकिएको उनले बताए ।

### ट्रमा सेन्टरमा …

मोडुलेटर शल्यक्रिया कक्ष पाँच वटा अस्पतालमा सञ्चालन भइरहेका छन् । अस्पतालमा दैनिक ५०० बिरामी उपचार गर्न आउँदछन् । आर्थिक वर्ष २०८१/८२ मा एक लाख १४ हजार ८०० बिरामीको सेन्टरमा उपचार गरिएको थियो । तिमध्ये सात हजार ८१७ जनाको शल्यक्रिया गरिएको जनाइएको छ ।

### मधेस प्रदेश …

मोटरसाइकल हस्तान्तरण गरिएको छ ।

यस्तै राष्ट्रिय अनुसंधान कार्यालय सप्तरी र रौतहटलाई एक एक थान पिकअप गाडी उपलब्ध गराइएको छ भने राष्ट्रिय अनुसन्धान कार्यालय महोत्तरी र धनुषालाई एक एक थान इलेक्ट्रीकल (इभी) उपलब्ध गराइएको हो ।

सवारी साधन हस्तान्तरण कार्यक्रममा मधेस प्रदेश प्रहरी कार्यालयका कार्यालय प्रमुख, डिआइजी उमा प्रसाद चतुर्वेदी, राष्ट्रिय अनुसन्धान कार्यालय मधेस प्रदेशका प्रतिनिधि, सशस्त्र प्रहरी बलका बाहिनिपती कृष्ण प्रसाद ढकाल लगायत प्रमुख जिल्ला अधिकारीहरुको उपस्थित रहेको थियो ।

# अन्तःशुल्क स्टिकर छपाइसम्बन्धी मुद्दामा आयोगद्वारा पुनरावेदन

काठमाडौँ, ९ भदौ (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुरक्षण मुद्रण केन्द्रले अन्तःशुल्क स्टिकर छपाइ गर्दा भएको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसला उपर चित्त नबुझेको भन्दै सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।

आयोगले अन्तःशुल्क स्टिकर छाप्दा त्यसमा संलग्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका तत्कालीन सचिव डा बैकुण्ठ अर्यालसमेतका १२ जना प्रतिवादीले बदनियतपूर्वक सार्वजनिक सम्पत्तिको हानीनोक्सानी गराई भ्रष्टाचारजन्य कसुर गरेको आरोप लगाएको थियो । आयोगले ३८ करोड ६७ लाख १७ हजार ६४० रुपैयाँ बराबरको बिगो दावी गर्दै मुद्दा दायर गरेको थियो ।

विशेष अदालतले सो मुद्दामा २०८१ मंसिर १३ गते फैसला गरेको थियो । त्यसमा केही प्रतिवादीलाई आंशिक ठहर गर्दै केही प्रतिवादीलाई सफाइ दिएको थियो । उक्त फैसलामा चित्त नबुझेको भन्दै आयोगले आइतबार सर्वोच्च अदालतमा मुद्दा दायर गरेको आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिनुभयो ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*